आकाशवाणी

October 10th, 2024 Thursday

प्रमुख समाचार:

- भारतको ऐक्ट ईस्ट नीतिले आसियान देशहरूसँगको सम्बन्धलाई नयाँ ऊर्जा, गति र दिशा दिएको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाइ
- दिग्गज उद्योगपति रतन टाटाको आज अन्तिम संस्कार सम्पन्न
- भारतीय उद्योगहरूलाई आफ्नो दायरा विस्तार गर्न केन्द्रीय गृहमन्त्री श्री अमित शाहको आह्वान
- किरण जर्ज र लक्ष्य सेन फिनल्याण्डमा आर्कटिक ओपन ब्याडमिन्टनमा पुरुष एकल प्रि-क्वार्टरफाइनल खेल्ने
- अनि शारजाहमा जारी महिला T20 क्रिकेट विश्वकपको समूह 'बी' मा आज बंगलादेशले वेस्ट इन्डिजको सामना गर्दै

1. PM – Laos

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भारतको ऐक्ट ईस्ट नीतिले आसियान देशहरूसँगको सम्बन्धलाई नयाँ ऊर्जा, गति र दिशा दिएको बताउनुभएको छ। उहाँले २१औँ शताब्दी भारत र आसियान राष्ट्रको हुनेमा जोड दिनुभयो । लाओसको राजधानी भेन्टियानमा भारत-आसियान शिखर सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भारत र आसियान देशहरू शान्तिप्रेमी राष्ट्रहरू हुन् र एकअर्काको अखण्डता र सार्वभौमसत्ताको सम्मान गर्छन् भन्नुभयो। उहाँले विश्वका धेरै भागहरूमा मतभेद र तनाव विद्यमान छ, यद्यपि भारत र आसियानबीच मित्रता, सहयोग, संवाद र साझेदारी धेरै महत्त्वपूर्ण छ भन्नुभयो। भारत र आसियान देशहरूको महत्त्वलाई प्रकाश पार्दै श्री मोदीले आसियान क्षेत्रसँगको भारतको व्यापार विगत १० वर्षमा दोब्बर भएर १३ करोड डलरभन्दा बढी भएको बताउनुभयो। उहाँले भारतको सात आसियान देशसँग सीधा उडान सम्पर्क रहेको र ब्रुनाईमा पनि छिट्टै सीधा उडान सुरु हुने बताउनुभयो। उहाँले भारतले तिमोर–लेस्टेमा नयाँ वाणिज्य दूतावास खोलेको पनि बताउनुभयो। यसअघि आज दिउँसो प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई भेन्टियानमा लाओसका गृहमन्त्री श्री विलाभोङ बौदाखामले स्वागत गर्नुभएको थियो ।

2. Ratan Tata Demise

प्रख्यात उद्योगपति तथा समाजसेवी रतन टाटाको आज वर्लीस्थित श्मशान गृहमा अन्तिम संस्कार साँझ गरियो। रतन टाटाको पार्थिव शरीरलाई दिउँसो ४.३० बजेसम्म नेशनल सेन्टर फर परफॉर्मिङ आर्ट्समा राखिएको थियो। अन्तिम श्रद्धाञ्जली दिन मुम्बईमा मानिसको भीड लागेको थियो। उहाँको हिजो ८६ वर्षको उमेरमा मुम्बईको एक अस्पतालमा निधन भएको हो । राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखर, प्रधानमन्त्री श्री नरेन्द्र मोदी लगायत अन्यले उहाँको निधनमा शोक व्यक्त गर्नुभएको छ। केन्द्रीय गृहमन्त्री श्री अमित शाह केन्द्र सरकारको तर्फबाट उहाँको अन्तिम

संस्कारमा सहभागी हुनुभयो। उहाँको सम्झनामा महाराष्ट्र सरकारले आज राजकीय शोकको घोषणा गरेको छ ।

3. Amit Shah- PHDCCI

गृहमन्त्री श्री अमित शाहले उद्योगहरूलाई आफ्नो स्तर र आकार बढाउन आग्रह गर्नुभएको छ। आज नयाँ दिल्लीमा चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रीको ११९औँ वार्षिक सत्रलाई सम्बोधन गर्दै श्री शाहले देशका उद्योगहरूलाई ठूला सपना देखेर विश्वव्यापी बनाउनु पर्ने बताउनुभयो। यो सपना साकार पार्न चेम्बर र उद्योगीहरु एकजुट हुनुपर्ने उहाँको भनाइ छ ।

4. Gajendra Singh Sekhawat

केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री श्री गजेन्द्र सिंह शेखावतले युवाहरुलाई सांस्कृतिक दूत बन्न आग्रह गर्नुभएको छ। नयाँ मुम्बईमा एक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भारत विश्वव्यापी पर्यटकहरूको लागि आकर्षणको केन्द्र बनेको उल्लेख गर्नुभयो। श्री शेखावतले युवा तथा विद्यार्थी समुदायलाई देशको संस्कृति, परम्परा र मूल्यमान्यताको रक्षक र संरक्षक बन्न पनि आग्रह गर्नुभयो ।

5. Ashwini - Cinema

सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले देशमा एकता बढाउन भारतीय चलचित्रले महत्वपूर्ण भूमिका खेलेको बताउनुभएको छ । श्री वैष्णवले आफ्नो एक लेखमा विविधता र साझा भविष्यका कथाहरू मार्फत "एक भारत, सर्वश्रेष्ठ भारत" को दृष्टिकोणलाई बलियो बनाउन चलचित्र एक शक्तिशाली माध्यम हो भन्नुभएको छ।

6. Textile Sector Growth

भारतको कपडा क्षेत्र सन् २०३० सम्ममा करिब ३५० अर्ब डलर पुग्ने अनुमान गरिएको छ । अगस्ट २०२४ को देशको व्यापार तथ्याङ्क अनुसार यस क्षेत्रमा तयारी पोशाकको उत्पादन वार्षिक रूपमा ११ प्रतिशतले बढेको छ । कपडा मन्त्रालयले एक विज्ञप्तिमा जनाएअनुसार भारत सरकारले धेरै योजना र नीतिगत पहलहरू प्रयोग गरेर यो लक्ष्य हासिल गर्ने लक्ष्य राखेको छ।

7. Centre – Festival Fund

केन्द्र सरकारले आज राज्य सरकारहरूलाई १ लाख ७८ हजार करोडभन्दा बढीको रकम जारी गरेको छ। आगामी चाडपर्व र राज्यको पुँजीगत खर्चलाई तीव्रता दिन र विकास निर्माणका कामलाई अगाडि बढाउन अग्रिम किस्ता जारी गरिएको वित्त मन्त्रालयले जनाएको छ ।

8. NIA - Puducherry

राष्ट्रिय अनुसन्धान एजेन्सीले पुडुचेरीको हिजबुत-तहरिरसँग सम्बन्धित मुद्दामा एक प्रमुख आरोपीलाई पक्राउ गरेको छ। एजेन्सीका अनुसार हिजबुत-तहरिरका नेता फैजुल रहमानलाई पक्राउ गरिएको छ। हमिद हुसेन र उनका धेरै सहयोगीहरूले चेन्नईमा राष्ट्रविरोधी विचारलाई बढावा दिएर पृथकतावादी विचारधारा फैलाउने षड्यन्त्र गरेका थिए।

9. Mental Health Day

आज विश्व मानसिक स्वास्थ्य दिवस हो। मानसिक स्वास्थ्य समस्याहरूको बारेमा चेतना फैलाउन र विश्वभर मानसिक स्वास्थ्य सेवाहरू प्रवर्द्धन गर्ने प्रयासहरूलाई बलियो बनाउन यो दिवस मनाइन्छ। यस वर्षको नारा 'कार्यस्थलमा मानसिक स्वास्थ्य' रहेको छ। यस वर्षको विषयवस्तुले कार्यस्थलमा मानसिक स्वास्थ्यको बारेमा सचेतना फैलाउने, यससँग सम्बन्धित जोखिमहरूलाई सम्बोधन गर्ने र खाँचोमा परेकाहरूलाई सहयोग गर्ने जस्ता उपायहरूतर्फ एकीकृत कार्यको महत्त्वलाई जोड दिन्छ।

10. Gorkhaland Festival

गोरखाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (दार्जिलिङ हिल्स) GTA र सिलगढी, तराई-डुअर्स क्षेत्रमा महासप्तमीको पूर्वसन्ध्यामा फूलपति शोभा यात्रा धार्मिक उत्साहका साथ आयोजना गरिएको थियो। विशेषगरी नेपाली भाषी गोर्खा समुदायले परम्परागत रुपमा फूलपाती मनाउने गर्दछन्। परम्परागत भेषभुषा लगाएका हजारौंको संख्यामा देवी दुर्गाको भजन गाउँदै शोभायात्रामा सहभागी भएका थिए। शोभायात्रामा बौद्ध धर्मावलम्बी लगायत विभिन्न धार्मिक, सामाजिक, सांस्कृतिक संघसंस्थाहरुको सहभागिता रहेको थियो।

11. BWF Badminton

भारतका लक्ष्य सेन र किरण जर्ज फिनल्याण्डको भान्तामा भएको आर्कटिक ओपन ब्याडमिन्टन प्रतियोगितामा पुरुष एकलको प्रि-क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। किरणले हिजो विश्व नम्बर २५ ताइवानका वाङ जुयु वेईलाई पराजित गरे। उनले आज प्रि-क्वार्टर फाइनलमा इन्डोनेसियाका जोनाथन क्रिस्टीको सामना गर्नेछन्। लक्ष्य सेनले विश्व च्याम्पियनसिपका कांस्य पदक विजेता ताइवानका चाउ टिन चेनसँग खेल्नेछन्।

12. ICC Women's Cricket

दुबईमा जारी आईसीसी महिला T20 विश्वकपमा गएराति भएको समूह 'ए' अन्तर्गतको खेलमा भारतले श्रीलंकालाई ८२ रनले पराजित गर्दै विश्वकपको इतिहासमा सबैभन्दा ठूलो जित दर्ता गरेको छ। यो हारसँगै श्रीलंका औपचारिक रुपमा प्रतियोगिताबाट बाहिरिएको छ। भारतको अन्तिम खेल अक्टोबर १३ मा अष्ट्रेलियासँग हुनेछ। समूह बी मा आज बंगलादेश र वेस्ट इन्डिजबीचको खेल शारजाहमा भारतीय समय अनुसार साँझ ७.३० बजे हुनेछ।